# त्रिवि पुस्तकालयले लोडसेडिङको मार खेप्नुनपर्ने

शेषकान्त पण्डित

काठमाडौं, मङ्सिर २३ गते । त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा अध्ययनका लागि जाने विद्यार्थीले अब लोडसेडिङको मार खेप्नुनपर्ने भएको छ । लामो प्रयासपछि पुस्तकालयमा सौर्य बत्ती जडान गरिएपछि पुस्तकालयमा अध्ययन गर्ने विद्यार्थीले अब उज्यालोमा पढ्न पाउनेछन् ।

नेपाल सरकार र वैकल्पिक ऊर्जा परियोजनाको सहकार्यमा पुस्तकालयमा झण्डै ८८ लाख रुपियाँको लागतमा सौर्य बत्ती जडान गरिएपछि केन्द्रीय पुस्तकालय अब जतिखेर पनि झलमल्ल हुने भएको हो ।

पुस्तकालयका प्रमुख जनार्दन दुङ्गानाले पुस्तकालयमा २२ किलोवाट क्षमताको सोलार जडान गरिएको जानकारी दिनुभयो । पुस्तकालयमा बत्तीको अभाव हुँदा विद्यार्थीलाई दैनिकजसो अध्ययनमा मर्का परेको र यसले पुस्तकालयमा पुगेर अध्ययन गर्ने शैलीमा पनि कमी आउनसक्ने भन्दै पुस्तकालय व्यवस्थापनले वैकल्पिक बत्तीको व्यवस्था गर्न सरकारसमक्ष आग्रह गर्दैआएका थियो ।

त्यसका लागि सरकारले यसैवर्ष मात्र ८८ लाख रुपियाँको जोहो गरिदिएको थियो भने त्यसको व्यवस्थापन वैकल्पिक ऊर्जा परियोजनाले लिएको थियो । पुस्तकालय प्रमुख दुङ्गानाले केन्द्रीय पुस्तकालयमा सौर्य उपकरण जडान हुँदा बत्तीको समस्याका कारण पढ्न नपाएर पाठक फर्कने कुरा अब अन्त्य भएको बताउनुभयो । यसबाट विद्यार्थीले पनि खुसी व्यक्त गरेको र आफूहरूलाई पनि काममा जुट्न हौसला मिलेको उहाँले बताउनुभयो ।

केन्द्रीय पुस्तकालयमा विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा अध्ययनरत विद्यार्थीका साथै स्वदेशी तथा विदेशी अनुसन्धानकर्तासमेत दिनहुँ अध्ययनका लागि जाने गर्छन् । पुस्तकालयमा १० हजारभन्दा बढी सदस्य छन् । सोलार जडान गरिएपछि पुस्तकालयभित्रका कोठामा अँध्यारो नहुने, पुस्तकालयभित्रका सबै कम्प्युटर सञ्चालन हुनुका साथै आईटी शाखासमेत सञ्चालन हुनेछ । पुस्तकालयले विद्यार्थीलाई आईटी शाखामार्फत विभिन्न सुविधा उपलब्ध गराउँदैआएको छ ।

यसका साथै पुस्तकालयमा बत्ती नहुँदा प्रवेशद्वारबाट पुस्तक चोरी हुने क्रम बढेको चर्चा गर्दै उहाँले अब चोरी गर्ने प्रवृत्ति घट्ने विश्वास व्यक्त गर्नुभयो ।

२०४६ सालअघि काठमाडौं उपत्यकाभन्दा बाहिरका स्नातकोत्तर तह अध्ययन गर्ने विद्यार्थीलाई पनि पुस्तकालयबाट पुस्तक उपलब्ध गराउने गरिएको थियो तर हाल विभिन्न क्याम्पसमा उच्चशिक्षाको पठनपाठन हुन थालेपछि सो कार्य बन्द गरिएको जानकारी पुस्तकालयले दिएको छ ।

केन्द्रीय पुस्तकालयले इन्टरनेसनल स्ट्यान्डर्ड बुक नम्बर (आईएसबीएन) नम्बर दिने कामसमेत गर्नेगरेको छ । सोलार प्रणाली जडान गरिएपछि यस कार्यमा समेत सहज हुने विश्वास गरिएको छ । नेपालबाट पुस्तक प्रकाशन हुनुअघि केन्द्रीय पुस्तकालयबाट आईएसबीएन नम्बर लिनुपर्ने नियम छ । नेपालमा आईएसबीएन नम्बर दिने र त्यसको अभिलेख राख्ने जिम्मेवारीसमेत केन्द्रीय पुस्तकालयले नै पाएको छ ।